आज मिति २०८१ साल भदौ महिना १७ गते सोमबार बिहानको ७:०० बजे देखि बेलका नगर कार्यपालिकाको चालु आ.व.२०८१/०८२ को छैटौं बैठक नगर प्रमुख श्री अशोक कार्की ज्युको अध्यक्षतामा र देहाय बमोजिमको उपस्थितिमा बसी देहायको निर्णयहरू गरियो ।

| क.स. | नाम थर | पद | ठेगाना | सम्पर्क न. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री अशोक कार्की | नगर प्रमुख | बे.न.पा. | | |
| २ | श्री जिरा राई | नगर उप-प्रमुख | बे.न.पा. | | |
| ३ | श्री दिनेश्वर प्रसाद चौधरी | वडा अध्यक्ष | बे.न.पा.१ | | |
| ४ | श्री प्रेम बहादुर दाहाल | वडा अध्यक्ष | बे.न.पा.२ | | |
| ५ | श्री टंक प्रसाद आचार्य | वडा अध्यक्ष | बे.न.पा.३ | | |
| ६ | श्री तिर्थ राज अधिकारी | वडा अध्यक्ष | बे.न.पा.४ | | |
| ७ | श्री दिपक राज रेग्मी | वडा अध्यक्ष | बे.न.पा.५ | | |
| ८ | श्री वसन्त कुमार मगर | वडा अध्यक्ष | बे.न.पा.६ | | |
| ९ | श्री निकेश राई | वडा अध्यक्ष | बे.न.पा.७ | | |
| १० | श्री जय कुमार राई | वडा अध्यक्ष | बे.न.पा.८ | | |
| ११ | श्री सन्तोष थापा | का.वा.वडा अध्यक्ष | बे.न.पा.९ | | |
| १२ | श्री चन्द्रकला परियार | का.पा.स. | बे.न.पा. | | |
| १३ | श्री विष्णु कुमारी परियार | का.पा.स. | बे.न.पा. | | |
| १४ | श्री नानीमैया खतिवडा | का.पा.स. | बे.न.पा. | | |
| १५ | श्री निर्मला बि.क. | का.पा.स. | बे.न.पा. | | |
| १६ | श्री राजेन्द्र परियार | का.पा.स. | बे.न.पा. | | |
| १७ | श्री सरिता बिश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १८ | श्री निर बा.विश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १९ | श्री पुरुषोत्तम घिमिरे | प्र.प्र.अ. | बे.न.पा. | | |

अन्य उपस्थिति

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | श्री रवि किरण आचार्य | अ.स्तर आठौं | बे.न.पा. | | |
| २२ | श्री सन्जय रेग्मी | अ.स्तर छैटौ | बे.न.पा. | | |
| २३ | श्री सुनिल दाहाल | अ.स्तर छैटौ | बे.न.पा. | | |
| २४ | श्री गोकुल के.सी. | सहयोगी | बे.न.पा. | | |
| २५ | श्री | | | | |

बेलका नगरपालिका, उदयपुर

आर्थिक वर्ष: २०८१/८२

नगर कार्यपालिका बैठक संख्या: ६

मिति २०८१/०५/१७ गते बिहानको ०७ : ०० बजे

<u>प्रस्तावहरू</u>

१. सिसुवा खोलाको IEE को निकायगत धारणा सम्बन्धमा ।

(क) ४ नं. वडा कार्यालय, (ख) वातावरण तथा विपद व्यवस्थापन समिति, (ग) राजस्व परामर्श समिति, (घ) नगरपालिका ।

२. रामपुर खानेपानी आयोजनाको पाइपलाइन विस्तार सम्बन्धमा ।

३. राजपत्रलाई पूर्णता दिने सम्बन्धमा ।

४. नगर प्रवक्ता सम्बन्धमा ।

५. सुरक्षा निकायलाई ईन्धन सहयोगको सीमा निर्धारण सम्बन्धमा ।

६. विपद व्यवस्थापनमा प्रयोग भएको बोल्डर ढुङ्गा मूल्याङ्कन सम्बन्धमा ।

७. पूर्वाधारजन्य योजनाको ठेक्का व्यवस्थापन तालिका सम्बन्धमा ।

८. कार्यसम्पादन सूचक सम्बन्धमा ।

९. महिला फुटबल एकेडेमी स्थापना तथा कोष सञ्चालन र व्यवस्थापन सम्बन्धमा ।

१०. नगरपालिका र नेकपा एमालेबीच छलफलका लागि मिति निर्धारण सम्बन्धमा ।

११. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्राचार सम्बन्धमा ।

अशोक कार्की

नगर प्रमुख

अशोक कार्की

नगर प्रमुख

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा बेलका नगरपालिका भित्रका विभिन्न नदीहरूमा नदीजन्य पदार्थ उपयोग गर्नका लागि IEE गर्ने क्रममा वडा नं. ४ स्थित सिसुवा खोलामा IEE गर्न समस्या तथा अवरोधहरू देखिएकोमा सो सम्बन्धमा ४ नं. वडा कार्यालय, नगरपालिकाको वातावरण तथा विपद व्यवस्थापन समिति तथा नगरपालिकाको राजस्व परामर्श समितिबाट मिति २०८१/०५/२० भित्र लिखित धारणा लिने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा रामपुर खानेपानी आयोजना अन्तर्गत पाइपलाइन विस्तार गर्ने क्रममा सडकको क्षेत्राधिकार (ROW) भन्दा बाहिरबाट विस्तार गर्नका लागि नगर प्रमुखको संयोजकत्वमा स्थानीय सरोकारवालाहरूको समेत प्रतिनिधित्व हुने गरी समिति गठन गरी पाइपलाइन विस्तारका लागि १ महिनाभित्र Field clear गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा बेलका नगरपालिकाको स्थानीय राजपत्रमा नगरपालिकाका केहि कानून प्रकाशन गर्न बाँकी रहेको हुँदा राजपत्रलाई पूर्णता दिन विभिन्न मितिमा निर्माण, अनुमोदन, स्वीकृत वा पारीत भएका कानूनहरूका विद्युतीय प्रति (Soft copy) तयार गरी १ महिनाभित्र अनिवार्य प्रकाशनका लागि सम्पूर्ण तयारीहरू गर्न नगरपालिकाको विधायन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा बेलका नगरपालिकाको कार्यालयमा नगर प्रवक्ताको पद रिक्त भएको हुँदा नगर प्रवक्ताको जिम्मेवारी बेलका नगरपालिका, वडा नं. ३ का वडा अध्यक्ष श्री टंक प्रसाद आचार्यलाई दिने गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रभित्र सुरक्षा सम्बन्धी सेवा प्रवाह गर्ने सन्दर्भमा सुरक्षा निकायहरूले नगरपालिकासँग पेट्रोल, डिजेल लगायतका ईन्धन सहयोग माग गर्ने गरेकोमा नगरपालिका क्षेत्रभित्र रहेका सुरक्षा निकायहरूलाई तपशील बमोजिम ईन्धन वितरण गर्ने निर्णय गरियो ।

तपशील:

(क) सशस्त्र प्रहरी वेस क्याम्प, डुडखोला – १० लिटर पेट्रोल र २० लिटर डिजेल प्रतिमहिना ।

(ख) नेपाल प्रहरी चौकी (कोठु, गल्फडिया, लालबजार, आम्बासी र मैनामैनी) – १० लिटर पेट्रोल प्रतिचौकी प्रतिमहिना । (सम्बन्धित वडाको बजेटबाट भुक्तानी हुने गरी)

(ग) राष्ट्रिय अनुसान्धान – ५ लिटर पेट्रोल प्रतिमहिना ।

(घ) इलाका प्रहरी कार्यालय, रामपुर – ३० लिटर डिजेल र १० लिटर पेट्रोल प्रतिमहिना ।

(ङ) ट्राफिक चेक पोष्ट, रामपुर – १० लिटर पेट्रोल प्रतिमहिना ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा बेलका नगरपालिका नगरपालिका वडा नं. ८ को एल.के. खोजभन्दा १.५ किलोमिटर दक्षिणतर्फ ससकोशी नदीमा रहेको शकुनी कुण्डबाट मिति २०७९ साल श्रावण १२ गते ससकोशी नदीले आफ्नो धार परिवर्तन गरी पश्चिमतर्फ लागी नदीको ८० प्रतिशत वहाव

अशोक कार्की
नगर प्रमुख

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

क्षेत्र पश्चिम तर्फ पुगेको र सो क्षेत्रका मानव वस्तीहरूमा नदी प्रवेश गरी ठूलो मात्रामा धनजनको क्षति हुने देखिएको हुँदा उक्त समयमा बेलका नगरपालिका वडा नं. ८ स्थित कोशी नदीले कटान गरी सम्भावित स्थानमा जोखिम न्यूनीकरण प्रयोजनार्थ स्थानीय कोठु खोलाबाट ३२ टिपर ढुङ्गा हालिएको तथा स्थानीय विपद व्यवस्थापन समितिले सो कार्यको अनुमोदन गर्ने, जिल्ला स्तरीय विपद व्यवस्थापन समितिलाई जानकारी गराउने र प्रमुख जिल्ला अधिकारी ज्यूको स्थलगत अनुगमन र मौखिक सहमतिमा ढुङ्गा हाल्ने, सो कार्यको नियमानुसार मूल्याङ्कन गरी भुक्तानी गर्ने भनी नगर सभाले निर्णय गर्ने, मूल्याङ्कन तथा भुक्तानी प्रकृया अगाडि बढाउने भनी नगर कार्यपालिकाले निर्णय गर्ने, बेलका नगरपालिका, वडा नं. ३, ८ र ९ का विपद प्रभावित सम्बन्धित क्षेत्रमा स्थलगत किटानी मुचुल्का गरी सो कार्य भएको भनी प्रमाणित गर्ने, सम्बन्धित स्थानमै सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने, कार्य सम्पन्न भएको तथा कोशी नदीमा हालिएका ढुङ्गाहरू सम्बन्धित ठाउँमा रहेका भनी किटानी गर्ने लगायतका सम्पूर्ण कामकाज गरी सो फाइल हाल प्रमुख जिल्ला अधिकारीसम्म पुगेको हुँदा सो कार्यको भुक्तानी प्रक्रिया अगाडि बढाउनका लागि प्रमुख जिल्ला अधिकारीसँग नगरपालिकाका नगर प्रमुख ज्यूले आवश्यक समन्वय गरी निकास दिने निर्णय गरियो ।

**निर्णय नं. ७** प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आर्थिक वर्षका लागि विनियोजित नगर स्तरीय तथा वडा स्तरीय योजना तथा कार्यक्रमहरू कार्यान्वयन तथा ठेक्का व्यवस्थापनलाई प्रणालीगत बनाउनका लागि नगरपालिकाको पूर्वाधार विकास समितिले ठेक्का व्यवस्थापन तालिका निर्माण गरी नगरपालिका समक्ष पेश गर्ने र सोहि बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** प्रस्ताव नं. ८ माथि छलफल गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहहरूका कार्यसम्पादन मूल्याङ्कन प्रयोजनार्थ निर्माण गरेका सूचकहरूमा नगरपालिकाको प्रगति र सोको प्रमाणित कागजातहरू आयोग समक्ष पेश गर्नका लागि सूचकसँग सम्बन्धित शाखाहरूलाई सो सम्बन्धी कागजातहरू पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ९** प्रस्ताव नं. ९ माथि छलफल गर्दा बेलका नगरपालिका वडा नं. ४ स्थित जनता नमूना माध्यमिक विद्यालयमा स्थापना तथा सञ्चालन गर्ने प्रस्ताव गरिएको महिला फुटबल एकेडेमी संस्था स्थापना सम्बन्धमा कानूनी स्पष्टता नभएको हुँदा सो संस्था स्थापना तथा कोषको सञ्चालन र व्यवस्थापन विधिका विषयमा कानूनी परामर्श लिई आवश्यक निर्णय लिने निर्णय गरियो ।

**निर्णय नं. १०** प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नेकपा एमाले, बेलका नगर कमिटिले मिति २०८१/०५/०९ मा नगरपालिकाका विभिन्न विषयमा सूचना माग गरेको र माग भएका सूचना द्वित्तीय सूचना अन्तर्गत परी निर्माण भइरहेको हुँदा यथाशीघ्र सूचना निर्माण गरी माग भएका सूचना सहित छलफलका लागि सम्बन्धित राजनीतिक दललाई आमन्त्रण गर्ने निर्णय गरियो ।

अशोक कार्की
नगर प्रमुख

निर्णय नं. ११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. IJH-८०८१-४९३५४, मिति २०८०/१२/०१ को पत्रमा बेलका नगरपालिकाका विभिन्न योजना तथा कार्यक्रमका विषयमा राय प्रतिक्रिया माग गरेको र सो सम्बन्धी प्रमाणित कागजात माग गरेको हुँदा सो सम्बन्धी माग भएका सम्पूर्ण कागजातहरू प्रमाणित गरी पठाउने र अख्तियारको टोली स्थलगत अनुगमनमा आएमा सो सम्बन्धी सहजीकरण गर्ने जिम्मेवारी नगर प्रवक्ता श्री टंक प्रसाद आचार्यलाई प्रदान गर्ने निर्णय गरियो ।

अशोक कार्की
नगर प्रमुख